

७. **मातृत्व कर्जा** : केन्द्रको कार्यक्रममा सहभागि महिला सदस्यहरू तथा निजका एकाघरका अन्य महिलाहरूलाई सुरक्षित मातृत्व सेवा तथा स्त्रीरोग सम्बन्धी रोगहरूको उपचारका लागि आर्थिक सुरक्षा प्रदान गरी प्रत्येक सदस्यलाई स्वस्थ नागरिक बनाई सफलता पूर्वक आय आर्जनका चालु व्यवसायहरू सञ्चालनमा सहयोग पुऱ्याउने निम्ति अधिकतम रू.४० हजारसम्म कर्जा प्रदान गरिन्छ ।

**बचत तथा कोषहरू** : केन्द्र निर्माण भैसकेपछि सदस्यहरूले अनिवार्य बचत तथा ऐच्छिक बचत गर्न सक्नेछन् । बचत तथा कोष कार्यविधिमा उल्लेख भए बमोजिम रकम बुझाउनु पर्नेछ ।

## बचत/कोषका किसिम :

### क) अनिवार्य वचत

१. **समूह वचत** : यस वचतमा सदस्यहरूले प्रत्येक केन्द्र बैठकमा रू.१०० अनिवार्य रूपमा खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यस बचतमा वार्षिक ८% का दरले ब्याज दिइनेछ । यस वचतमा जम्मा भएको रकम समूहबाट हटेका बखत फिर्ता हुनेछ ।

२. **शिक्षा तथा पेन्सन बचत योजना** : सदस्यहरूले १५ बर्षसम्मका लागि नियमित रूपमा केन्द्र बैठकमा निश्चित रकम यो बचतमा जम्मा गर्न सक्ने छन् । निम्न बमोजिमको रकम सदस्यहरूलाई योजना अनुसार भुक्तानी गरिनेछ । यस बचतमा वार्षिक ८.९१% का दरले ब्याज दिइनेछ ।

| क्र.सं. | मासिक बचत रु | १५ वर्षे बचत योजना | |
|---|---|---|---|
| | | जम्मा हुने बचत रू | पाउने रकम रू |
| १ | १०० | १८,००० | ३६,००० |
| २ | २०० | ३६,००० | ७२,००० |
| ३ | ३०० | ५४,००० | १,०८,००० |
| ४ | ४०० | ७२,००० | १,४४,००० |
| ५ | ५०० | ९०,००० | १,८०,००० |
| ६ | ६०० | १,०८,००० | २,१६,००० |
| ७ | ७०० | १,२६,००० | २,५२,००० |
| ८ | ८०० | १,४४,००० | २,८८,००० |
| ९ | ९०० | १,६२,००० | ३,२४,००० |
| १० | १००० | १,८०,००० | ३,६०,००० |

### (ख) ऐच्छिक वचत

१. **केन्द्र कोष वचत** : यस वचतमा सदस्यहरूले साधारण कर्जा लिएको रकमको ५ प्रतिशत रकम केन्द्र कोष वचतमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यस वचतमा जम्मा भएको रकम जम्मा भएको ५ वर्ष पुगेपछि वा समूहबाट हटेका वखत फिर्ता हुनेछ । तर शिक्षा तथा पेन्सन बचतमा नियमित गर्ने सदस्यलाई ५% केन्द्र कोष वचत गर्नु पर्ने आवश्यक हुने छैन । यस बचतमा वार्षिक ८% ब्याज दिइने छ ।

२. **व्यक्तिगत वचत** : यस बचतमा सदस्यहरूले आवश्यकता अनुसार रकम राख्न वा झिक्न सक्ने व्यवस्था रहेको छ । यो एक किसिमको चल्ती खाता हो । यस बचतमा वार्षिक ८% ब्याज दिइने छ ।

३. **उपकार कोष** : केन्द्रको निर्णयबाट संकलित चन्दा, दण्ड, जरिवाना तथा अन्य सामुहिक रकम उपकार कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ । यस बचतमा वार्षिक ८% ब्याज दिइने छ ।

४. **पर्व वचत** : जुन चाडवाड तथा पर्वको लागि वचत गरिएको हो सोही पर्वमा मात्र झिक्न सक्ने गरी एकमुष्ट वा पटक पटक गरी पर्व वचत गर्न सक्ने व्यवस्था रहेको छ । यस बचतमा वार्षिक ८% ब्याज दिइने छ ।

५. **मातृत्व बचत** : यस बचत अन्तर्गत महिला सदस्यहरू त्था निजका एकाघरका अन्य महिलाहरूलाई सुरक्षित मातृत्व सेवा तथा स्त्रीरोग सम्बन्धी रोगहरूको उपचारका लागि भविष्यमा आवश्यक पर्नसक्ने रकम यस बचतमा जम्मा गर्न सक्नेछन् । यस बचतमा वार्षिक ८% ब्याज दिइने छ ।

**जीवन आवास तथा सुत्केरी सुरक्षा योजना** : कार्यक्रममा संलग्न भएपछि सदस्यहरूले जीवन आवास तथा सुत्केरी सुरक्षा योजनाको लागि प्रत्येक वर्ष रू.१००/- सुरक्षा शुल्क तिर्नु पर्नेछ र सो तिरे वापत यदि यस अवधि भित्र (१ वर्ष भित्र) सदस्यको मृत्यु भएमा सदस्यले रू.५,०००/- देखि रू.७,५००/- सम्म राहत पाउने छन् वा निजको पतिको मृत्यु हुन गएमा सदस्यको हकमा आफुले पाउने रकमको आधा रकम राहत स्वरूप उपलब्ध गराइनेछ । साथै सदस्य आफै सुत्केरी (बढीमा २ पटक मात्र) भएमा वा सदस्य आफू बसेको घर कुनै प्राकृतिक कारण जस्तै बाढी तथा आगोबाट क्षति भएमा रू.२,०००/-सम्म राहत प्रदान गरिनेछ ।

## ऋणी सदस्य सुरक्षण कोष योजना :

यस कार्यक्रममा संलग्न भई कर्जा लिई व्यवसाय गर्ने सदस्यको मृत्यु हुन गएमा यस योजना अनुसार सदस्यको बाँकी ऋण मिनाहा हुनेछ ।

## पशु सुरक्षा योजना :

कर्जाबाट खरिद गरेको चौपाया पशुको पशुधन सुरक्षा गराइनेछ । यसको लागि सुरक्षित (बिमीत) रकमको ६% शुल्क तिर्नु पर्दछ । सुरक्षा योजना अन्तर्गतको पशु मरेमा सुरक्षित (विमीत) रकमको ८०% उपलब्ध गराइने छ । पशुविमा सुरक्षा योजना निर्देशिका बमोजिम हुनेछ ।

## तालिम तथा गोष्ठी :

सदस्यहरूलाई उनीहरूको क्षमता बृद्धि गर्न सघाउ पुऱ्याउने उद्देश्यले विभिन्न किसिमको तालिम, अवलोकन भ्रमण, केन्द्र पुनर्ताजगी गोष्ठी, पुनर्ताजगी तालिम आदि कार्यक्रमहरूमा संलग्न गराइनेछ । सिपमूलक तथा आयमूलक तालिमहरू गराइने छ ।

## केन्द्र मूल्याङ्कन तथा पुरस्कार :

केन्द्र सदस्यहरूको हौसला बढाउने उद्देश्यले शाखा/ उपशाखा/केन्द्र स्तरमा वार्षिक केन्द्र मूल्याङ्कन गराइने छ र सो को आधारमा प्रत्येक वर्ष कार्य विधिमा उल्लेख भए वमोजिमको उपहार प्रधान गरिने छ ।

## जनलेखा परीक्षण :

बढी भन्दा बढी पारदर्शी बनाउन तथा कुनै कमी कमजोरी भएमा सो औंल्याइ दिने व्यवस्थाको लागि प्रत्येक वर्ष गाउँ विकास समिति स्तरमा जनलेखा परीक्षणे गरिन्छ । यस कार्यक्रममा संलग्न सदस्यहरूको साथै स्थानीय वासिन्दा, समाजसेवी, शिक्षक तथा अन्य सरोकारवालाहरूले कार्यक्रमलाई कसरी लिएका छन् र कार्यक्रम सुधारको लागि उनीहरूको कुनै अस्पष्ट धारणा भएमा सो प्रष्ट गराउने उद्देश्यले यस्ता जनलेखा परीक्षण कार्यक्रमको नियमित रूपमा आयोजना गरिन्छ ।

## सामाजिक कार्य :

सदस्यहरूलाई आफ्नो गाउँघर सफा सुग्घर राख्न लगाउन र गाउँ/टोलमा कुनै सामाजिक काम गराउन आवश्यक भएमा सदस्यहरू बीच छलफल गरी भएको निर्णयको कार्यान्वयनको पहल गराइनेछ ।



**सम्पर्कका लागि शाखा कार्यालयहरूः**

डिल्लीबजारः ०१-४४२९२७५ कीर्तिपूर : ०१-६२०११२२
गल्फुटारः ०१-४३७८७३६ बालाजुः ०१-४३८५२२३ जोरपाटीः ०१-४९१०२३८
थानकोट : ०१-४३१०४१८ जुडीबुटी : ०१-५१४९३४ जरसिंपौवा : ०१-६२०१४२२

# महिला अधिकार तथा विकास केन्द्र

## आर्थिक सशक्तिकरणको माध्यमद्वारा न्याय, स्वतन्त्रला तथा समृद्धि

संस्था दर्ता नं ४९/०५०/५१ जि.प्र.का.काठमाडौं
समाज कल्याण परिषद्मा आबद्धता दर्ता नं. १२८३, मितिः २०५०/५/३१, काठमाडौं
नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्ने इजाजतपत्र मिति : २०५८/१२/३०
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तीय संस्थामा रूपान्तरण दर्ता मिति : २०७२/३/२८



# CENTER FOR WOMEN RIGHT AND DEVELOPMENT

## Justice, Freedom and Prosperity through Economic Empowerment

केन्द्रीय कार्यालय कालिकास्थान, काठमाडौं ।
पो.ब.नं. : १९२७०
फोन नं. : ९७७-०१-४४४०९१७/४४३०९७१
फ्याक्स नं. : ९७७-०१-४४४०९१७
ई-मेल : cwrd.nepal@gmail.com
वेभ साईट : www.cwrdnepal.org

## पृष्ठभूमि (Background):

महिला अधिकार तथा विकास केन्द्रद्वारा न्युन आय भएका विपन्न समुदाय खास गरी आर्थिक एवं सामाजिक विभेदबाट पिडित, दलित, जनजाति, मधेशी महिलालाई दीगो लघुवित्त सेवा प्रदान गर्न महिला अधिकार तथा विकास केन्द्र संस्था दर्ता ऐन २०३४ अन्तर्गत २०५० साल भदौ ५ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको एक गैर-सरकारी संस्था हो । यस संस्थाले आफ्नो स्थापना कालदेखि नै महिला अधिकार तथा विकासको क्षेत्रमा विभिन्न कामहरू गर्दै आएको छ । संस्थाबाट आर्थिक, सामाजिक विकास तथा सांस्कृतिक समानताका लागि वहस पैरव गर्नु तथा जनतामा सचेतना जागृत गर्नु यस संस्थाको प्रमुख कार्यभार रहेको छ ।

केन्द्रले वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी पहिलो संशोधन ऐन २०५५ र यस ऐन अन्तगत बनेको वित्तीय मध्यस्थता सम्बन्धी ऐन २०५६ बमोजिम नेपाल राष्ट्र बैंकबाट अनुमति पत्र प्राप्त गरेको छ । साथै नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको अनुमतिको लागि प्रकिया अघि बढाइएको छ । महिलाहरूलाई आत्मनिर्भर बनाउन सकेको खण्डमा अरू अधिकारहरू सजिलै प्राप्त गर्न सकिने ठहर गर्दै लघुवित्तको माध्यमबाट आर्थिक आय आर्जनको विभिन्न कार्यक्रमहरू अगाडि बढाएको छ । परीक्षण परियोजनाको रूपमा सञ्चालनमा ल्याएको ग्रामीण वित्तीय पद्धतिमा आधारित लघुवित्त कार्यक्रम (Microfinance program) काठमाडौं शहरका गरीव (Urban Poor) महिलाहरूबाट शुरू गरियो । वित्तीय सेवाको सरल पहुँच नभएका तथा कम आय भएका विपन्न वर्गका परिवारका लक्षित महिलाहरूलाई आय मुलक कार्यमा संग्लग्न गराउन उनीहरूको घर दैलोमा बैकिङ्ग सेवा प्रदान गर्दै आएको छ । विना धितो सामुहिक जमानीको आधारमा घर दैलोमा बैकिङ्ग सेवा उपलब्ध गराउनु, कर्जाको आकार सानो हुनु, छोटो छोटो समयमा थोरै थोरै रकम असुली प्रकृया हुनु, नियमित केन्द्र बैठक सञ्चालन हुनु, वित्तीय अनुशासन कायम हुनु, अन्य ठूला तथा वित्तीय संस्थाको पहुँच भन्दा टाढा रहेका परिवारलाई पहिलो प्राथाकिता दिएर यस केन्द्रले कार्यक्रम सञ्चालन गर्दै आएको छ । आवश्यक पर्ने कर्जा तथा वचत सुविधा उपलब्ध गराई आयवृद्धि कार्यक्रममा सहयोग पुऱ्याउनु महिला अधिकार तथा विकास केन्द्रको लघुवित्त कार्यक्रमको मुख्य उद्देश्य हो ।

## दूरदृष्टि (Vision):

गरीबी मुक्त समृद्ध समाज स्थापना गर्ने । गरीब तथा बिपन्नवर्गको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउन वित्तीय कारोवारको माध्यमबाट आत्मनिर्भर भई परिवार, समाज र राष्ट्रको निर्माण गर्ने ।

## ध्येय (Mission) :

स्थानीय साधन श्रोतको अधिकतम परिचालन गरी ग्रामीणस्तरमा बिपन्न वर्गको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउन नेतृत्वदाही भुमिका निर्वाहा गर्ने तथा लघुवित्त कार्यक्रममा सहयोग पुग्ने विभिन्न सामाजिक कार्यक्रम गर्ने सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक, सामाजिक अवस्था सुधार गर्ने ।

## लक्ष्य तथा उद्धेश्य (Target & Objective) :

१) महिलाहरूलाई आर्थिक रूपमा निर्भर बनाई हरेक क्षेत्रमा सक्षम बनाउँदै जाने साथै जनचेतना र आत्मविश्वास अभिवृद्धि गर्ने ।

२) विभिन्न शिप विकास तालिमका माध्यमहरूद्वारा आय आर्जन गराई उद्यमीको संख्या विस्तार गर्दै जाने ।

३) आजको प्रमुख चुनौतिको रूपमा रहेको वैदेशिक रोजगारमा जानेहरूको परिवार माझ बचत गर्न प्राथमिकता दिनु, स्वदेशमै बस्ने वातावरण सृजना गर्ने ।

४) गरिबी हटाई सबैलाई सम्पन्न बनाउन गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

५) लघुवित्तको माध्यमबाट लघुउद्यम तथा साना उद्योगमा महिलाको लगानी वृद्धि गरी समृद्ध नेपाल निमार्ण गर्ने ।

## महिला अधिकारद्धारा सम्पन्न भएका सामुदायिक कार्यक्रमहरू :

१) महिला सशक्तिकरण कार्यक्रम ।





२) जनसंगठनको माध्यमद्धारा सर्वाङ्गीण ग्रामीण विकास परियोजना ।

३) अनौपचारिक शिक्षा तथा चेतनामुलक कार्यक्रम ।

४) साक्षरता अभियान ।

५) कृषि बीउविजन वितरण कार्यक्रम ।

६) असहाय महिला कानुनी सेवा परियोजना ।

७) शीप विकास तालिम कार्यक्रम ।

८) मतदाता सचेतनता अभियान ।

९) आधारभूत तालिम र उद्यम व्यवस्थापन ।

१०) किशोर किशोरी लक्षित विकास कार्यक्रम ।

११) सिंहदरवार हाता सरसफाई कार्यक्रम ।

१२) खानेपानी वक्यौता असुल परियोजना ।

१३) विविध तालिम कार्यक्रमहरू (घडिमर्मत, विद्युतजडान आदि) ।

१४) विविध गोष्ठी अन्तरक्रिया, सभा सम्मेलन आयोजना तथा सहभागी कार्यक्रम ।

१५) मौरीपालन तथा च्याउ खेती तालिम ।

१६) स्वास्थ्य शिविर, भुकम्प पिडित राहत कोष वितरण ।

१७) महिला लघुकर्जा परीयोजना (लघुवित्त कार्यक्रम) ।

यस मध्ये लघुवित्त कार्यक्रम अहिले सञ्चालन भैराखेको मुख्य कार्यक्रम हो ।

## लघुवित्त कार्यक्रमको परिचय :

सामूहिक जमानीमा बसी, न्यून आय भएका विपन्न वर्ग तथा आर्थिक एवं सामाजिक विभेदबाट पिडीत, दलित, जनजातीहरूलाई आवश्यक लघु कर्जा, लघु बचत, लघु सुरक्षण कोष, तथा अन्य वित्तीय सुविधा उपलब्ध गराई उनीहरूको आर्थिक एवं सामाजिक स्थितिमा सुधार ल्याउने कार्यक्रमलाई नै लघुवित्त कार्यक्रम भनिन्छ ।

यस कार्यक्रमबाट लक्षित वर्गले आशातित फाइदा पाउन सामर्थ भएकोले र कार्यक्रम तर्फ बढी भन्दा बढी लक्षित वर्ग आकर्षित भएवाट समयमै संस्थाले आफ्नो सेवा विभिन्न जिल्लाहरूमा विस्तार गर्ने लक्ष्य लिएको छ । कार्यक्रम अझ बढी विस्तार र व्यापक बनाउन यस संस्था लागि परेको छ ।

## लघुवित्त संरचना प्रक्रिया :

### लक्षित क्षेत्रको पहिचान :

कार्यक्रम सञ्चालन गर्न जिल्ला भित्र पर्ने न.पा./गा.वि.स.क्षेत्रहरु छनौट गरिन्छ । कार्यक्रम सफल कार्यान्वयनको लागि लक्षित क्षेत्र निर्धारण गरी कार्यक्रम अगाडि बढाइन्छ ।

### लक्षित वर्गको पहिचान :

कार्यक्रम सञ्चालन गरिने क्षेत्रमा न्यून आय भएका परिवारको पहिचान गरिनेछ र यस्तो कामको लागि सम्बन्धित समुदायले न्यून आय भएका घर परिवारको एकिन गर्न सहभागितात्मक सम्पत्ति स्तरिकरण (Participatory Weath Ranking - PWR) विधिको आधारमा लक्षित परिवार छनौट गरिने गरिन्छ ।

### कार्यक्रममा संलग्न हुनको लागि चाहिने सदस्य योग्यता :

१) लक्षित वर्ग भित्रका विवाहित महिलाहरू (अविवाहित भए ३५ वर्ष नाघेको) जो आय-आर्जन काममा सक्रिय रूपले भाग लिन सक्ने भएको ।

२) नेपाली नागरिक भएको ।

३) कार्यक्रम क्षेत्रमा स्थाई बसोबास गरेको ।

४) समान उद्देश्यले गठन गरिएको अन्य लघुवित्त कार्यक्रमबाट कर्जा नलिएको ।

५) सामुहिक दायित्व स्वीकार गर्ने ।

६) लेनदेन व्यवहारमा इमान्दार भएको ।

७) नियमित बचत गर्ने तथा वित्तीय अनुशासनमा बस्ने ।

### समूह प्रवेश पूर्व तालिम :

कार्यक्रम संलग्न हुन चाहने लक्षित परिवारका महिलाहरूलाई सम्बन्धित क्षेत्रमा शुरूमा २०/२५ जनामा नबढ्ने गरी ७ दिनको (प्रति दिन १-२ घण्टासम्म) समूह प्रवेश पूर्व तालिम दिई कार्यक्रमको उद्देश्य, नीति, नियम तथा कार्यविधिको साथै केन्द्र समूह तथा सदस्यहरूको काम, कर्तव्य एवं दायित्वको जानकारी गराइनेछ ।

### समूह गठन :

समूह प्रवेश पूर्व तालिममा सहभागी महिलाहरू मध्ये समान विचार, समान आयस्तर तथा उमेर भएकाहरूको ५/५ जनाको समूह गठन गरिनेछ । प्रत्येक समूहमा एक जना अध्यक्ष, एक जना सचिव र बाँकी सदस्य हुनेछ ।

### केन्द्र गठन :

साधारणतया दुई समूहदेखि आठ समूहसम्मको एउटा केन्द्र गठन हुनेछ । केन्द्र अन्तर्गत रहेका समूहहरूको सम्पूर्ण सदस्यहरू केन्द्र सदस्य हुने छन् । केन्द्रमा समूह अध्यक्षहरूबाट छानिएका एक जना केन्द्र प्रमुख र एक जना केन्द्र उप-प्रमुख हुनेछन् । केन्द्र बैठक हरेक १ महिनामा केन्द्रबाट निर्णय भए बमोजिमको समय र स्थानमा बस्नेछ । केन्द्र बैठकमा सबै केन्द्रका महिला सदस्य उपस्थिति हुनु पर्नेछ र सोको अभिलेख सदस्य हाजिरीमा राखिनेछ भने केन्द्रको मुल्याङ्कन पनि यसैको आधारमा हुनेछ । केन्द्र बैठकमा बचत, कर्जाको किस्ता बुझाउने, कर्जा माग सिफारिशको साथै अन्य समसामयिक विषयमा छलफल तथा निर्णय गरिनेछ । सदस्यहरूले लिएको कर्जा तथा अन्य दायित्व तर्फ सदस्यहरूको सामुहिक दायित्व हुनेछ ।

### कर्जा लगानी तथा भुक्तानी :

समूह/केन्द्र गठन हुँदा प्रत्येक समूहको पहिलो ३ जना र त्यसको १ महिना पछि अर्को दुई जनाले कर्जा रकम आ-आफ्नो क्षमता र गर्न लागेको व्यवशाय/उद्योग धन्दालाई आवश्यक पर्ने रकमको आधारमा पहिलो कर्जा रू.५० हजार सीमा देखि कुल ३ लाखसम्ममा नबढ्ने गरी केन्द्र/समूह सदस्यहरूको सिफारिशमा विभिन्न आयमुलक कार्यको लागि उपलब्ध गराइने छ । कर्जाको किस्ता हरेक १ महिनामा केन्द्र बैठकको दिन साँवा र सोमालाग्ने ब्याज नियमित रूपमा १२ किस्तामा अर्थात १ वर्ष भित्र सम्पूर्ण साँवा किस्ता तथा व्याज रकम बुझाउनु पर्नेछ । सदस्यहरू विरामी परेमा वा कुनै सामाजिक कार्यको लागि स-साना रकम आवश्यक परेमा केन्द्रकोषबाट कर्जा उपलब्ध गराइनेछ ।

## कर्जाको किसिम :

१. **साधारण कर्जा** : साधारण कर्जा केन्द्रको मुख्य कर्जा सेवा हो, जुन कर्जा सबै किसिमका उत्पादनमूलक उद्देश्यका लागि लगानी गरिन्छ । साधारण कर्जाको सीमा ऋणी सदस्यले लिएको ऋण संख्याको आधारमा व्यक्तिगत रूपमा क्रमशः वृद्धि गरी ३ लाखसम्म रहेको छ । यस कर्जाको चुक्ता अवधि १ वर्षसम्म रहेको छ । यस कर्जामा लिएको रकमको ०.७ प्रतिशत कर्जा सुरक्षण शुल्क लाग्नेछ ।

२. **मौसमी कर्जा** : सदस्यहरूको नगदे वाली उत्पादन, घुमन्ते फलफुल व्यवसाय तथा अन्य मौसमी व्यवसायका लागि रू.२० हजारसम्म मौसमी कर्जा प्रदान गरिन्छ । यस कर्जाको चुक्ता अवधि एक वर्ष भन्दा नबढ्ने गरी वर्षमा ३ पटकसम्म लिन सकिने छ । यस कर्जामा लिएको रकमको ०.७ प्रतिशत कर्जा सुरक्षण शुल्क लाग्नेछ ।

३. **आकस्मिक कर्जा** : सदस्यहरूलाई औषधी उपचार, सामाजिक वा अन्य आकस्मिक कार्यका लागि रू.५ हजारसम्म अधिकतम ६ महिनाका लागि आकस्मिक कर्जा प्रदान गरिन्छ । आवश्यक परेका बेला केन्द्रमा नै उक्त रकम उपलब्ध गराइनेछ ।

४. **विशेष कर्जा** : पाँच वर्षदेखि नियमित रूपले कर्जा कारोबार गरेका साथै उत्कृष्ट ऋणी सदस्यको पहिचान बनाएका र व्यावसायमा संलग्न रहेका सदस्यहरूलाई आवश्यक परेको समयमा अधिकतम रू.२० हजारसम्म आवश्यकता अनुसार कर्जा लिन र बुझाउन सकिने गरी १ वर्ष अवधिका लागि विशेष कर्जा प्रदान गरिन्छ ।

५. **लघुउद्यम कर्जा** : पहिलो साधारण कर्जा चलाइसकेका सदस्यहरू जोसंग प्रशस्त उद्दमशील सीप तथा ज्ञान छ, त्यस्ता सदस्यलाई परियोजना तथा व्यावसाय प्रवर्द्धनका लागि परियोजना तथा व्यवसायको आयु र त्यसबाट हुने आयका आधारमा कार्य विधीमा उल्लेख भए अनुसार २ वर्षका लागि अधिकतम रू.३ लाखसम्म लघुउद्यम कर्जा प्रदान गरिन्छ ।

६. **घर निर्माण कर्जा** : केहि गर्ने विश्वास भएका सदस्यहरूलाई, उनीहरूको जग्गा धित्तो राखि २ वर्ष अवधिका लागि अधिकतम रू.५ लाखसम्म कर्जा प्रदान गरिन्छ ।

